गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा
Bhumlichowk,Gorkha
गण्डकी प्रदेश, नेपाल
Gandaki Province,Nepal

प.सं.(DispatchNo.) :२०८२/०८३
च.नं.(Ref.No) :

**गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्द्धन कार्यक्रमबाट २५% लागत साझेदारीमा भैंसी पाडी अनुदान वितरण सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१० गते**

गण्डकी गाउँपालिका, गोरखाको आ.व. २०८२/०८३ मा गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्द्धन कार्यक्रमबाट गण्डकी गाउँपालिका मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि -२०८२ बमोजिम २५ प्रतिशत लागत साझेदारीमा उन्नत जातको भैंसी पाडी वितरण गरिने हुँदा ईच्छुक कृषक/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र निवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदन छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

निवेदनको ढाँचा तथा कार्यक्रम सञ्चालन प्रक्रिया यस गण्डकी गाउँपालिकाको वेबसाईट gandakimun.gov.np बाट डाउन्लोड गर्न सकिने छ वा सो सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ। अन्य थप जानकारीका लागि फोन नं. ९८६५१६८७८० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

छनौटका आधारहरु

१.भैंसीपालक कृषक

२.थप कार्यक्रमको मुल्याङ्कन सम्वन्धि आधारहरु गण्डकी गाउँपालिकाको वेभसाइट gandakimun.gov.np मा राखिएको कार्यविधिको अनुसुची ६ मा हेर्न सकिनेछ।

आवश्यक कागजातहरु

१. कृषकको नागरिकताको प्रतिलिपि
२. अनुसुची १ अनुसारको निवेदन
३. वडा कार्यालयको सिफारिस पत्र

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची-१

आवेदन- पत्र

मितिः

श्रीमान् कार्यलय प्रमुख ज्यू,
गणडकी गाउँपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा।

विषयःअनुदान सहयोग उपलब्ध गराई दिने बारे।

महोदय,

प्रस्तुत विषयमा मिति .................. गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम पशुपालन प्रवर्धन कार्यक्रममा सहभागी हुने भएकोले सूचनामा खुलाइएको बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गरिन्छ। अनुदान सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

निवेदकः
नामः
ठेगानाः
मोबाइल नंः
दस्तखतः
संस्थाको छापः